# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड - ६ राजापुर नगरपालिका, भाद्र १० गते २०८० साल संख्या - १५

# भाग २

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०८०।०५।०७ गते पारित भई नगर प्रमुखबाट मिति २०८० भाद्र ०७ गते प्रमाणितकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान,समस्याहरूको निदान र रोजगारी सृजनाका नवीनतम उपाय, ढाँचा तथा विधिहरूको विकास गर्न र रोजगार नीति र कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४७ बमोजिम र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ भित्र रहि रोजगार सम्वाद मञ्च गठन तथा व्यवस्थापनका लागि यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम "रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका यस कार्यविधिमा,(

(क) " ऐन" भन्नाले रोजगारीको हकसम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) " निर्देशिका" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ सम्झनु पर्दछ ।

(ग) " नियमावली" भन्नाले रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ सम्झनु पर्दछ ।

(घ) " मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) " कार्यकम" भन्नाले तीनै तहको श्रम तथा रोजगारमूलक सेवा प्रदान गर्नेकार्यक्रमलाई सम्झनु पर्नेछ ।

(च) " रोजगारीको खोजीमा रहेका व्यक्ती" भन्नाले न्यूनतम रोजगारीका लागि सूचीकृत तथा स्थानीय तहमा आन्तरिक र वैदेशिक रोजगारीको खोजीमा रहेका व्यक्ति सम्झनु पर्नेछ ।

## परिच्छेद २

## रोजगार सम्वाद मञ्चको गठन

**३. रोजगार सम्वाद मञ्चको गठनः**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ४७ बमोजिम स्थानीय तहमा रहेको आर्थिक विकास समितिको संयोजकत्वमा देहाय बमोजिम रोजगार सम्वाद मञ्च गठन गर्न सकिने छ।

क) नगरपालिकाको आर्थिक विकास समिति संयोजक - संयोजक

ख) स्थानीय उद्योग बाणिज्य संघको प्रतिनिधि - सदस्य

ग) रोजगारि, उद्यम तथा सिप विकासमा सक्रिय गैरसरकारी संस्थाको प्रतिनिधि -सदस्य

घ) संचार क्षेत्रको स्थानीय प्रतिनिधि -सदस्य

ङ) उद्योग / सहकारी हेर्ने पालिकाको प्रतिनिधि -सदस्य

च) सहकारी संजाल प्रतिनीधि -सदस्य

छ) वडा अध्यक्ष बाट प्रतिनिधि -सदस्य

ज) घरेलु तथा साना उद्योग संचालक -सदस्य

झ) स्थानीय तालिम प्रदायक संस्थाको प्रतिनिधि -सदस्य

ञ) स्थानीय स्व-रोजगार तथा व्यावसायिक कृषक प्रतिनिधि -सदस्य

ट) स्थानीय पर्यटन व्यवसायी प्रतिनिधि -सदस्य

ठ) स्थानीय निर्माण व्यवसायी प्रतिनिधि -सदस्य

ड) नगरपालिकाको रोजगार संयोजक -सदस्य
सचिव

## परिच्छेद ३

## रोजगार सम्वाद मञ्चको काम, कर्तव्य र अधिकार

**४. रोजगार सम्वाद मञ्चको काम, कर्तव्य र अधिकारः**

क) स्थानीय रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान गर्ने ।

ख) रोजगारीको क्षेत्रमा रहेका समस्याको पहिचान गरि समाधानका लागि सुझाव तथा विज्ञ समेतको संलग्नतामा नविनतम उपाय तथा ढाँचा निर्माण गर्ने ।

ग) रोजगारीका नीति नियम तर्जुमा तथा संशोधनका लागि सुझाव दिने ।

घ) रोजगारी सृजना, व्यवस्थित र मर्यादीता रोजगारी तथा श्रम को सम्मानका लागि विभिन्न कार्यक्रम तर्जुमाका लागि सुझाव दिने ।

ङ) रोजगारीको खोजीमा रहेका व्यक्ती तथा रोजगारी सम्बद्ध तथ्याङ्क आवश्यकताका आधारमा अद्यावधिक गर्ने र उपलब्ध विवरणको विश्लेषण गर्ने ।

च) तालिम र सीप विकासका स्थानीय आवश्यकता र सम्भावना बारे सुझाव प्रदान गर्ने ।

छ) नगरपालिकाको बजेट तथा कार्यक्रमबाट रोजगार मूलक आयोजना तर्जुमाका लागि छलफल र अध्ययन गरि सुझाव पेश गर्ने ।

ज) निजी क्षेत्रलाई आवश्यक जनशक्तिको पूर्वानुमान तथा आवश्यक सीप मूलक जनशक्तिको आकलन गरि सुझाव पेश गर्ने

झ) श्रम बजारको माग अनुसारका तालिम कार्यक्रमको पहिचान तथा कार्यान्वयनमा पालिका, सहकारी, तालिम सेवा प्रदायक संस्था लगायत सम्भावित रोजगारदाताहरु सँग समेत सहकार्य गर्ने ।

ञ) रोजगार सम्वाद मञ्चले रोजगार सेवा केन्द्र मार्फत प्रदान गरिने सेवा सुविधा बारे छलफल र प्रभावकारी सेवा प्रवाह तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक सहयोग,सहजीकरण र समन्वय गर्ने ।

ट) रोजगारी सम्बद्ध विविध कार्यक्रम तथा गतिविधिको अनुगमन मुल्याङ्कन गरि पृष्ठपोषण दिने ।

## परिच्छेद ४

## बैठक सम्बन्धी व्यवस्था

५) रोजगार सम्वाद मञ्चको बैठक सामान्यता प्रत्येक ४/४ महिनामा बस्ने छ र आवश्यकता अनुसार जुनसुकै समयमा बस्न सक्ने छ ।

क) संयोजकको निर्देशनमा सदस्य सचिवले कार्यसूची सहित बैठक बोलाउनु पर्नेछ ।

ख) रोजगार सम्वाद मञ्चको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

ग) बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ ।

घ) बैठकमा बहुमतका आधारमा निर्णय पारित गरिनेछ । मत बराबर भएमा अध्यक्षता गर्नेको मत निर्णायक मानिने छ ।

ङ) बैठकबाट पारित निर्णयहरूको अभिलेखीकरण सचिवले संयोजकबाट प्रमाणित गराई राख्नु पर्ने छ

च) मञ्चले आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयमा छानबिन गर्न तथा परामर्श गर्न समय तोकि कार्य दल गठन गर्न सक्नेछ र उक्त कार्य दलका सदस्यले छलफलमा भाग लीन सक्नेछन्।

छ) मञ्चले आफ्नो बैठकमा नगरपालिकाका पदाधिकारि, कर्मचारी र विषय विज्ञलाइ आमन्त्रण गरि परामर्श र राय लीन सक्नेछ ।

## परिच्छेद -५

## विविध

**६) मञ्चलाई आवश्यक बजेटको व्यवस्था** : रोजगार सम्वाद मञ्चको बैठक, अध्ययन, अनुगमन, मूल्याङ्कन र छानबिन गर्न आवश्यक बजेटको विनियोजन नगर सभाले गरि कार्यपालिकाले उपलव्ध गराउनु पर्नेछ ।

**७) सूचना, कागजात तथा विवरण उपलब्ध गराउनुपर्ने** : मञ्चले मागेका कागजात विवरण सूचना उपलव्ध गराउने नगरपालिका एवं नगरपालिकाका कर्मचारीको कर्तव्य हुनेछ ।

८) **जानकारी दिनुपर्ने** : मञ्चले रोजगारी सम्बद्ध विविध कार्यक्रम तथा गतिविधिको अनुगमन मूल्याङ्कन गरि पृष्ठपोषण दिने प्रयोजनमा जाँदा नगरपालिकाको कार्यालयलाई जानकारी गराउनु पर्नेछ

९) **बाधा अड्काउ फुकाउने** : यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

१०) **परिमार्जन तथा संशोधन** : कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

११) यो कार्यविधि नेपालको कुनै ऐन कानुन सँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज भएको मानिने छ ।

१२) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५, रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० मा उल्लेख नभएको तर स्थानीय स्तरमा आवश्यकता बमोजिम काम गर्न आवश्यक भए सो को लागि नगर कार्यपालिकाले आवश्यकता बमोजिम छलफल तथा निर्णय गरी कार्यान्वयन गर्न सक्ने छ ।

१३) **प्रतिवेदन** : रोजगार सम्वाद मञ्चले कामको वार्षिक प्रतिवेदन नगर सभा हुनुअघि कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।उक्त प्रतिवेदनमा रोजगार सम्वाद मञ्चले दिएका राय सुझावको कार्यान्वयनको स्थिति समेत समावेश गर्नुपर्नेछ ।

आज्ञाले
प्रमुख प्रशासकिय अधिकृत
महेन्द्रजङ्ग शाही